# स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०८०

## आ.ब. २०८०/०८१

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय स्वास्थ्य शाखा बुङ सोलुखुम्बु

कार्यक्रम स्वीकृत मिति २०८०।०३।१० गते

१) "गुणस्तरीय सेवा हाम्रो प्रतिवद्धता, स्वास्थ्य विमा आजको आवश्यकता" भन्ने नारा सहित औजार उपकरण खरिद (MSS का आधारमा)

| | |
|---|---|
| परिचय | स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यान्वयन सुदृढीकरण कार्यक्रम सञ्चालन गर्ने आ.व. २०८०/२०८१मा वजेट विनियोजन गरिइएको छ । |
| उद्देश्य | १) अस्पताल तथा स्वास्थ्य चौकी आधारभूत स्वास्थ्य सेवा केन्द्रको न्यूनतम सेवा उपलब्धता हुने ।<br>२) न्यूनतम सेवा मापदण्ड अनुसार औजार उपकरण उपलब्ध भएमा सोही अनुसार मापदण्ड लागु हुने ।<br>३) कमीकमजोरीको आधारमा योजना वनाउन सकिने ।<br>४) बिरामीलाई गुणस्तरीय सेवा प्रदान गर्न । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य चौकी तथा अस्पतालको न्यूनतम सेवा मापदण्डको समिक्षावाट कार्यक्रममा हाल सम्मका उपलब्धिहरुको समिक्षा गरी देखिएका समस्याहरुको समाधान गर्नका लागि यो कार्यक्रमबाट सहयोग पुग्ने देखिन्छ । |
| सञ्चालन प्रक्रिया | स्वास्थ्य शाखाले आफु मातहतका स्वास्थ्य संस्थाहरुमा प्रचलित कानून् वमोजिम सामाग्री खरिद गरी बितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ। खरिदकर्ताले सामाग्री खरिद गर्दा सार्बजनिक खरिद ऐन र नियमावलीको अधिनमा रही काम गर्नु पर्नेछ । |
| बजेट बाँडफाँड | यस कार्यक्रम संचालनका लागि रु ६००,०००।– बजेट विनियोजन गएको छ । |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात सोको अभिलेख र प्रतिवेदन लेखा शाखामा पठाउनु पर्नेछ । |

२) कार्यक्रमको नामः स्वास्थ्य शाखाको मोटर साईकल मर्मत संभार तथा ईन्धन

| | |
|---|---|
| परिचय | स्थानीय सरकार आ.व. २०८०/०८१ को समानीकरण अनुदानको वजेटवाट तयार गरिएको कार्यक्रम हो। सवारी साधनहरु उचित समयमा मर्मत संभार नभएमा उक्त सवारी साधनको आयु कम हुदै जाने भएकोले त्यस्ता सवारी साधनलाई समय समयमा मर्मत तथा संभार गर्नका लागि यो कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरिएको छ । कार्यालयको काम काजमा जानका लागि ईन्धन समेतका लागि वजेट राखिएको छ । |
| उद्देश्य | १) सवारी साधनलाई नियमित मर्मत संभार गरी सवारी साधनको आयुलाई लामो समयसम्म खपत हुने र कार्यालयलाई आर्थिक भार कम गर्नु ।<br>२) कार्यालयको काममा नियमित अनुगमन तथा सुपरीवेक्षण प्रभावकारी बनाउनु ।<br>३) बिरामीलाई गुणस्तरिय सेवा प्रदान गर्नु । |
| अपेक्षित प्रतिफल | समय समयमा सवारी साधन मर्मत संभार हुन सकेमा र ईन्धनको व्यवस्था भएमा समयमा नै तोकिएको समयमा कार्यक्रम सम्पन्न गर्न सकिनेछ भने अनुगमन गर्नका लागि सहज हुने र कार्यक्रमहरु प्रभावकारी हुने । |
| सञ्चालन प्रक्रिया | १ चौमासिकमा कम्तिमा २ पटक सर्भिसिङ र ईन्धनको हकमा मोटरसाईकलमा प्रति महिना १० लिटरका दरले पेट्रोल र सर्भिसिङको हकमा २५०० कि.मि.मा जुन अगाडि आउछ सोहीको आधारमा गरिनेछ । |
| बजेट बाँडफाँड | यस कार्यक्रम संचालनका लागि रु १००,०००।– बजेट विनियोजन गरिएको छ । |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात सोको अभिलेख र प्रतिवेदन लेखा शाखा र सोको प्रतिलिपी स्वास्थ्य शाखामा पठाउनु पर्नेछ । मर्मतका लागि मर्मत आदेश स्वीकृत गराएर मात्र गर्नु पर्नेछ । |
| सन्दर्भ सामाग्री | |

४) कार्यक्रमको नामः कार्यालय संचालन खर्च (स्वास्थ्य शाखा)

| | |
|---|---|
| परिचय | स्थानीय तहहरुमा रहेका स्वास्थ्य शाखामा आवश्यक पर्ने मसलन्द तथा कार्यालय सामाग्रीहरुको व्यवस्थापनका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्थानीय तहमा रहेका स्वास्थ्य शाखामा समयमा नै आवश्यक पर्ने फोहोर मैला व्यवस्थापनका लागि सामाग्रीहरु उपलब्ध गराउनु र स्वास्थ्य संस्थामा स्टेशनरी तथा अन्य सामाग्रीहरु उपलब्ध गराउनु हो । |
| अपेक्षित प्रतिफल | समयमा नै सामाग्रीहरुको आपुर्ति व्यवस्थापन गरि कार्यालयको व्यवस्थापनमा सहयोग गर्नु हो । |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | स्वास्थ्य शाखाले आफु मातहतका स्वास्थ्य संस्थाहरुमा प्रचलित कानून् वमोजिम सामाग्री खरिद गरी बितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ । खरिदकर्ताले सामाग्री खरिद गर्दा सार्बजनिक खरिद ऐन र नियमावलीको अधिनमा रही काम गर्नु पर्नेछ । |
| बजेट बाँडफाँड | कार्यक्रम सञ्चालनका लागि यस आ. व. मा रु १५००००।– रु एक लाख पचास हजार विनियोजन गरिएको छ । |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात सोको अभिलेख र प्रतिवेदन र विल भपाई लेखा शाखामा बुझाई सोको भुक्तानी हुनेछ । |
| सन्दर्भ सामाग्री | |

**५) कार्यक्रमको नामः कार्यालय सञ्चालन खर्च सबै संस्थाहरुका लागि छपाई खर्च समेत**

| | |
|---|---|
| परिचय | १) आम जनमानसमा निःशुल्क स्वास्थ्य सेवाको प्रत्याभुति दिलाई सेवाको पहुँच र उपभोगमा वृद्धि गराउन<br>२) दर्ता शुल्क नभएकै कारण स्वास्थ्य सेवाबाट बञ्चित हुने अवस्थाको अन्त्य गर्न ।<br>३) कार्यालयको दैनिक क्रियाकलापलाई प्रभावकारी वनाउन । |
| उद्देश्य | १) आम जनमानसमा निःशुल्क स्वास्थ्य सेवाको प्रत्याभूति दिलाई सेवाको पहुँच र उपभोगमा वृद्धि गराउन।<br>२) दर्ता शुल्क नभएकै कारण स्वास्थ्य सेवाबाट बन्चित हुने अवस्थाको अन्त गर्न ।<br>३) कार्यालयको दैनिक क्रियाकलापलाई प्रभावकारी वनाउन । |
| अपेक्षित प्रतिफल | समयमा नै सामाग्रीहरुको आपुर्ति व्यवस्थापन गरी कार्यालयको व्यवस्थापनमा सहयोग गर्नु हो । |
| सञ्चालन प्रक्रिया | स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य ईकाइमा आम नागरिकले उपचार वापत कुनै पनि दर्ता शुल्क तिर्नु पर्दैन र लिन पाईने छैन । स्वास्थ्य संस्थाले नयाँ र पुरानो गरि बिरामीहरुको अभिलेख राख्नु पर्दछ जसका लागि पालिकाले स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीका लागि आवश्यक पर्ने फर्म फर्मेटहरु छपाई गरी स्वास्थ्य संस्थालाई उपलब्ध गराउनु पर्नेछ र छपाईबाट बाँकी रहेको रकम सेवा स्वास्थ्य संस्थालाई ओ.पि.डी. वापतको अनुदान रकम दिनु पर्नेछ । |
| बजेट बाँडफाँड | कार्यक्रम सञ्चालनका लागि यस आ. व. मा रु १७५,०००।– रु एक लाख पचहत्तर हजार विनियोजन गरिएकोछ । छपाई खर्चका लागि रु ५००००।०० तथा स्टेशनरी प्रशासनिक खर्चका लागि स्वास्थ्य संस्था अनुदान क्रमश स्वास्थ्य चौकी गुदेल रु ३०००० र छेस्काम स्वास्थ्य चौकीका लागि रु ३००००, आधारभूत स्वास्थ्य सेवा केन्द्र रु १५०००। का दरले र खिरौले, निम्चोला र मर्मिकु सामुदायिक स्वास्थ्य इकाई ५००० रुपैया र आरोग्य केन्द्रका लागि रु २०००० रकम बाँडफाँड गरिएको छ । |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात सोको अनिवार्य जिन्सी रजिष्टरमा दाखिला अभिलेख गरी र प्रतिवेदन र बिल भपाई स्वास्थ्य शाखामा बुझाई शाखाले प्रमाणिकरण गरे पश्चात सोको भुक्तानी हुनेछ । |
| सन्दर्भ सामाग्री | सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली, २०६४ । |

६) **कार्यक्रमको नामः महाकुलुङ प्राथमिक अस्पतालमा कार्यरत कर्मचारीको तलब भत्ता ,पोशाक भत्ता , नर्सिङ कर्मचारीहरुका लागि नाईट भत्ता समेत**

| | |
|---|---|
| परिचय | नेपाल सरकार उपप्रधानमन्त्री स्तरीय मिति २०७५।११।०८ गते बसेको वैठकको निणर्यानुसार बुङ स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी १५ शैयाको प्राथमिक अस्पतालमा सुचिकृत भएको र नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकारको दफा (११) को (झ) आधारभूत स्वास्थ्य र सरसफाईको (३) मा अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन गर्न गाउँपालिकालाई दिएको अधिकार प्रयोग गरी आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि सरकार स्तरवाट स्थापना भएका र हुने स्वास्थ्य संस्था विस्तार स्तरवृद्धि स्वास्थ्य संस्था सञ्चालन अनुमतिका लागि स्वास्थ्य र सरसफाई ऐन, २०७५ गाउँ सभावाट स्वीकृत र सोहि ऐन अनुसार स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता तथा अनुमति र नविकरण सम्बन्धी निर्देशिका, २०७६ समेत गाउँ सभावाट पारित भई स्थानीय राजपत्रमा समेत प्रकाशन भएको हुदाँ सोहि ऐन र निर्देशिकाको आधारमा महाकुलुङ गाउँपालिकाले आ.ब.२०८०/०८१ मा करार सेवा शुल्क व्यवस्था गरेको हो । |
| उद्देश्य | १) बुङ स्वास्थ्य चौकीलाई स्तरोन्ती गरि १५ शैयाको प्राथमिक अस्पतालमा सुचिकृत भएको अस्पताललाई नियमित सञ्चालन गर्नका लागि आवश्यक जनशक्ति ( मानव स्रोत व्यवस्थापन) गर्नु ।<br>२) यस पालिकाबाट तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सञ्चालन अनुमति तथा स्वीकृत भएका स्वास्थ्य संस्थाहरुमा आवश्यक जनशक्ति ( मानव स्रोत व्यवस्थापन) गर्नु । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति व्यवस्थापन हुने र २४ शै घण्टा स्वास्थ्य सेवा आम नागरिकले पाउनेछन् । |
| सञ्चालन प्रक्रिया | सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सेवा करारमा जनशक्ति नियुक्ति गर्ने।<br>सबै करार सेवामा नियुक्ति भएका स्वास्थ्यकर्मीहरुको TOR बनाई कामकाजमा खटाईनेछ ।<br>१) महाकुलुङ प्राथमिक अस्पतालमा रहेको दरबन्दीहरु मेडिकल अफिसर- १ (आठौ तह), हेल्थ असिष्टेण्ड- १ (पाचौ तह), स्टाफ नर्स (पाँचौ तह)- २, रेडियो ग्राफर (पाँचौ तह) -१, फार्मेसी (पाँचौ तह) -१, अ.हे.व. १ (चौथो तह ), अ.न.मी.- २ ( चौथो तह ) र कार्यलय सहयोगी- २ (श्रेणी विहिन ) ।<br>२) स्थानीय तह अन्तर्गत नियुक्ति भएका स्वास्थ्यकर्मीहरुलाई आवश्यकताको आधारमा जुनसुकै संस्थामा खटाउन सकिनेछ र जसका लागि कुनै वाधा पर्ने छैन ।<br>३) अस्पताल तथा २४ शै घण्टा प्रसुती सेवा उपलब्ध हुने र गराउने स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई (स्थायी र करार) सिफ्ट रोटेशनको व्यवस्था गरिएको आधारमा सेवा दिनु पर्नेछ ।<br>४) प्रचलित कानून बमोजिम नाईटमा काम गर्ने नर्सिङ तथा का.स.का लागि प्रति नाईट क्रमसः रु १५० र ७५ रुपैयाका दरले बजेटको व्यवस्था गरिएको छ । जसको हाजिरी प्रमाणित गाउँपालिकामा प्रमाणित गराउनु पर्नेछ । अन्यथा दिन वाध्य हुने छैन ।<br>५) प्रचलित कानून अनुसार ६ महिनाभन्दा वढि कार्यरत रहेका स्वास्थ्य सेवाका कर्मचारीहरुलाई पोशाक भत्ता समेत उपलब्ध गराईनेछ ।<br>६) विदाको हकमा क्रिया विदा १५ दिन, भैपरि विदा १२ दिन, सुत्केरी विदा ६० दिन र अस्पतालको हकमा सट्टा विदा दिन सकिनेछ भने अन्य विदा दिन वाधा पर्ने छैन ।<br>७) सट्टा विदा लिएका कर्मचारीहरुका लागि दोहोरो सुविधा दिईने छैन ।<br>८) सट्टा विदाको रेकर्ड गाउँपालिकामा प्रत्येक महिना बुझाउनु पर्नेछ विदाको रेकर्ड नबुझाए सट्टा विदा बसेको पाईएमा तलव कट्टा गरी भुक्तानी हुनेछ ।वा सो को जिम्वेवार स्यम् अस्पताल प्रशासन शाखा जिम्मेवार हुनेछ ।<br>९) कार्यालय प्रमुखवाट वा व्यवस्थापन समितिको निर्णयवाट वढीमा ३ दिनको विदा स्वीकृत गरी बस्न सकिने र सो भन्दा वढिको विदा बस्न परेमा माथिल्लो निकायवाट विदा स्वीकृत गराई वस्नु पर्नेछ विदा स्वीकृत नगराई विदा वसेमा उक्त विदा बसेको अवधि भरको तलव भत्ता कट्टा गरि भुक्तानी गर्न वाधा हुने छैन। |

| | |
|---|---|
| बजेट वाँडफाँड | कर्यक्रम संचालनका लागि यस आ.ब. ०८०/०८१ मा रु ५६२२०००।– रु छपन्न लाख वाईस हजार बिनियोजन गरिएको छ । सो शिर्षकमा निम्न अनुसार बजेट बाँडफाँड गरिएको छ । |

| क्र.स. | पद तथा बिवरण | महिना | थप सेवा | संख्या | तलब स्केल | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | आठौं तह | १२ | १ | १ | १५०००० | १८४८७३७। | |
| २ | पाचौं तह | १२ | १ | ५ | ३४७३० | २२२२७२०। | स्टाफ नर्स १ स्थायी |
| ३ | चौथो तह | १२ | १ | २ | ३२९०२ | ८५५४५२। | |
| ४ | श्रेणी विहिन | १२ | १ | २ | २०७०० | ५३८२००। | |
| जम्मा | | | | | | ५४६५१०९।०० | |
| १ | पोशाक | | | १० | १०००० | १०००००।०० | |
| २ | अन्य खर्च नाईट भत्ता | | | | | ८२१२५।०० | |
| जम्मा | | | | | | ५६४७२३४।०० | |

| | |
|---|---|
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात सोको प्रमाणित हाजिरी स्वास्थ्य शाखा र लेखा शाखामा बुझाए पश्चात मात्र मासिक रुपमा सोको शिर्षकवाट भुत्तानी हुनेछ । |
| सन्दर्भ सामाग्री | सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली, २०६४ स्थानिय तहमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि,२०७५ वमोजिम । |

**७)कार्यक्रमको नामः अस्पतालमा स्वास्थ्य विमा कार्यक्रम लागु गर्न ( विउ पुँजीका लागी ) कार्यक्रम संचालन खर्च**

| | |
|---|---|
| परिचय | महाकुलुङ प्राथमिक अस्पतालमा मिति २०७७।०८।२९ गते स्वास्थ्य विमा वोर्ड सँग भएको सम्झौता अनुसार स्वास्थ्य विमा कार्यक्रम संचालन गर्न । |
| उद्देश्य | स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गर्ने । |
| अपेक्षित प्रतिफल | सवै नागरिकहरु स्वास्थ्य विमासँग आवद्ध हुने र लाभान्वित हुनेछन् । |
| सञ्चालन प्रक्रिया | स्थानीय तह स्वास्थ्य विमा संयोजन समिति सञ्चालन कार्यविधि २०७८ बमोजिम हुने ।<br>सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खर्च गर्नु पर्नेछ ।महाकुलुङ गाउँपालिका अन्तर्गत महाकुलुङ प्राथमिक अस्पतालमा स्वास्थ्य विमा वोर्डले दिएको दर रेट अनुसार छुटै फार्मेसी सञ्चालन गर्ने र विउ पुँजीको रुपमा सुलव मुल्यमा व्रान्डेट औषधी तथा Tread Name का औषधीहरु अस्पताललाई खरिद गरि पालिकाले उपलब्ध गराउने छ । उक्त विउँ पुजी औषधीमा वाहेक अन्यमा खर्च गर्न पाईनेछैन । अनुदानवाट आएको रकमका लागि छुट्टै बैंक खाता खोली प्रत्येक दिनको भोली पल्ट बैंक खातामा जम्मा गर्नु पर्नेछ र सक्कलै बैक भौचर कार्यालयमा दाखिला गराउनु पर्नेछ । अन्यथा अनुदान रोक्का गरिने छ। |
| बजेट वाँडफाँड | कार्यक्रम संचालनका लागि यस आ.ब. ०८०/०८१ मा रु २०००००।– रु दुई लाख विनियोजन गरिएको छ। |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात सोको अभिलेख र प्रतिवेदन र बिल भरपाई लेखा शाखामा बुझाई सोको भुत्तानी हुनेछ। |
| सन्दर्भ सामाग्री | स्वास्थ्य विमा वोर्डवाट जारी गरिएको “स्थानीय तह स्वास्थ्य विमा संयोजन समिति सञ्चालन कार्यविधि, २०७८” अनुसार । |

८) कार्यक्रमको नामः अस्पताल सञ्चालन खर्च

| | |
|---|---|
| परिचय | नेपाल सरकार उपप्रधानमन्त्री स्तरीय मिति२०७५।११।०८ गते बसेको वैठकको निणर्यनुसार बुङ स्वास्थ्य चौकीलाई स्तरोन्ती गरि १५ शैयाको प्राथमिक अस्पतालमा सुचिकृत भएको सोही ऐन र निर्देशिकाको आधारमा महाकुलुङ गाउँपालिकाले आ.ब.२०८०/०८१ मा अस्पताल सञ्चालन खर्च सम्वन्धी व्यवस्था गरेको हो । |
| उद्देश्य | स्वास्थ्य सेवामा गुणस्तर सुधार गर्न तथा अस्पताललाई आवश्यक पर्ने स्टेशनरी खरिद गरि अस्पतालको सेवालाई स्तरीय वनाउने, प्रशासनिक खर्च आदि । |
| अपेक्षित प्रतिफल | सेवाको प्रभावकारितामा बृद्धि हुने । |
| सञ्चालन प्रक्रिया | सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खर्च गर्नु पर्नेछ ।<br>अस्पतालले कर्मचारीका लागि आवास सुविधा वापत घर भाडामा लिनु पर्ने र सोको रकम यसै शीर्षकबाट खर्च गर्नु पर्नेछ र बाकी रहेको रकमवाट अस्पताललाई आवश्यक पर्ने स्टेशनरी, छपाई, सरसफाई बिजुली बत्ति र पानीमा खर्च गर्न सकिनेछ सो कार्यका लागि समितिवाट निणर्य गराई पालिकामा प्रमुख प्रशासकीय अधिकृतवाट स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । |
| बजेट वाँडफाँड | कार्यक्रम सञ्चालनका लागि यस आ.ब. मा रु ३०००००।– रु तिन लाख विनियोजन गरिएकोछ । |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात सोको अभिलेख र प्रतिवेदन र बिल भरपाई लेखा शाखामा बुझाई सोको भुक्तानी हुनेछ । |
| सन्दर्भ सामाग्री | सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार । |

९) कार्यक्रमको नामः स्वास्थ्य संस्थामा सुत्केरी भए वापत प्रोत्साहन यातायात खर्च ३६५ जना र जटिल समस्या भई नवजात शिशुलाई अस्पतालले माथिल्लो स्वास्थ्य संस्थामा प्रेषण गर्दा यातायात खर्चका लागि रु ५००० का दरले आकस्मिक प्रेषण कार्यक्रम

| | |
|---|---|
| परिचय | हाल नेपाल सरकारको स्वीकृत दरवन्दी अनुसार स्वास्थ्य संस्थामा २४ सै घण्टा सेवा उपलब्धता भएता पनि स्वास्थ्य संस्थामा सुत्केरी हुने दरमा उल्लेखनिय प्रगति नभएका कारण संस्थागत सुत्केरी बढाउनका लागि यो कार्यक्रम संचालनमा ल्याईएको हो । २०३० सम्ममा नेपालको मातृ मृत्यूदर ७० मा झार्ने लक्ष्य भएको र सो कार्यक्रमलाई सहयोग पुर्याउनका लागि समेत यो कार्यक्रम सञ्चालनमा ल्याईएको छ । |
| उद्देश्य | संस्थागत सुत्केरी बढाई मातृ तथा नवजात शिशु मृत्यू तथा बिरामी हुने दरमा कमि ल्याउनु ।<br>गर्भवती महिलाहरुको स्वास्थ्य संस्थामा नै स्वास्थ्य जाँच गरी समयमा नै जटिलताको पहिचान र निदान गरी प्रेषण प्रणालीको विकास गर्न ।<br>गर्भपतन सम्वन्धी सेवा बिस्तार गरी अवान्छनिय रुपमा हुने गर्भलाई रोक्नु साथै प्रजनन् स्वास्थ्यको अधिकारको सुनिश्चित गर्न । |
| अपेक्षित प्रतिफल | महाकुलुङ गाउँपालिका भरिमा गर्भवती महिला तथा सुत्केरी महिला, नवजात शिशु र प्रजनन् उमेर समुहका महिलाहरुलाई समयमा नै स्वास्थ्य संस्थामा गई सुरक्षित सुत्केरी हुन प्रोत्साहन गरी मृत्यू दरमा कमि ल्याउन । |
| सञ्चालन प्रक्रिया | **आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७९** बमोजिम सञ्चालन गर्ने। औषधी द्वारा गरिने गर्भपतन सम्वन्धि सेवा सञ्चालनका लागि सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ वमोजिम आवश्यक पर्ने औजार तथा उपकरणहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खरिद गर्नु पर्नेछ । सोका लागि कार्यक्रममा छुटाएको रु ७००००० सात लाख मध्ये सो कार्यक्रम सञ्चालनका लागि रु १००००० एक लाख रकम विनियोजन गरिएको छ ।<br>संस्थामा सुत्केरी हुन आउने सुत्केरी महिलाले रु ३००० (तिन हजार)का दरले पालिकावाट थप सुत्केरी प्रोत्साहन रकम दिईने र सेवा प्रदायक नर्सिङ स्टाफका लागि थप ३०० र सरसफाईकर्मीलाई रु १५० दिइनेछ साथै महिला स्वास्थ्य स्वयं सेविकाले घर घरमा गई गर्भवती महिलाको खोजी कार्य गरे वापत प्रति गर्भवती महिला रु ५० दरले आठ पटक वा ४ महिना, ६ महिना, ८ महिना र ९ महिनामा स्वास्थ्य संस्थामा गर्भजाँच गर्न पठाएमा र सुत्केरी हुन स्वास्थ्य सस्थामा ल्याए वापत ४०० दरले रकम उपलब्ध गराउने छ सो को विवरण गाउँपालिकामा महिनाको मसान्तमा आईपुग्नु पर्नेछ ।<br>त्यस्तै ४ वटा नुहाउने साबुन र ३०० चक्की क्याल्सियम निशुल्क उपलब्ध गराईनेछ । |

<table>
<tr><td></td><td>४महिना लागेपछी ५०० मि.ग्रा. प्रत्येक दिन २ चक्की (विहान खाना पछी) १५० दिन सम्म उपलब्ध गराउनु पर्नेछ<br>नेपाल सरकारवाट वितरण हुदै आएको आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८ बमोजिम हुनेछ २८ दिन भित्रको नवजात शिशुको महाकुलुङ प्राथमिक अस्पतालवाट उपचार हुन नसकेमा अस्पतालको प्रेषण कागजातका आधारमा रु ५०००।–अस्पतालले उपलब्ध गराउनु पर्ने र सम्बन्धितलाई रकम उपलब्ध गराए पश्चात अस्पतालले स्रोत भर्ना महाकुलुङ गाउँपालिकामा माग दावि पेश गर्नु पर्नेछ ।</td></tr>
<tr><td>बजेट वाँडफाँड</td><td>कार्यक्रम संचालनका लागि यस आ.ब. ०८०/०८१ मा रु ७०००००।– रु सात लाख बिनियोजन गरिएकोछ ।<br>सुस्थागत सुत्केरी हुने महिलाहरुका लागि यातायात खर्च रु ४ लाख र एम ए साईट संचालनका लागि रु ५० हजार र २०० जना गर्भवती महिलाको खोप पड्ताल गरे वापत रु ४०० का दरका महिला स्वास्थ्य स्वयं सेविकाहरुको परिचालन खर्च रु ८० हजार र १३० जना सुत्केरीहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी सेवा दिए वापत सेवा प्रदायकलाई रु ३०० का दरले परिचालन खर्च रु ४० हजार र ३० जना जटिलता भई अन्य अस्पताल (बिशेषज्ञ सेवा प्राप्त हुने अस्पतालमा ) मा रेफर वापत रु ५ हजारका दरले परिचालन खर्च रु १ लाख ५० हजार रकम विनियोजन गरिएको छ ।</td></tr>
<tr><td>अभिलेख तथा प्रतिवेदन</td><td>कार्यक्रम सम्पन्न भए पश्चात सोको अभिलेख र प्रतिवेदन र बिल भर्पाई शाखामा बुझाई लेखा शाखावाट सोको भुक्तानी हुनेछ।</td></tr>
<tr><td>सन्दर्भ सामाग्री</td><td>गर्भअवस्थामा हुन सक्ने प्रि-ईक्लामसिया/ईक्लामसिया रोकथामका लागि क्याल्सियम चक्कीको प्रयोग सम्वन्धि निर्देशीका</td></tr>
</table>

**१०) कार्यक्रमको नामः राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम**

<table>
<tr><td>परिचय</td><td>स्थानिय सरकार समानिकरण अनुदान आ.ब.२०८०/०८१ मा महाकुलुङ गाउँपालिका भरिका राष्ट्रिय महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम FCHV लाई प्रोत्साहन तथा उत्प्रेरणा गर्ने उदेश्यले यो कार्यक्रम सञ्चालनमा ल्याईएको हो ।</td></tr>
<tr><td>उद्देश्य</td><td>समुदायमा रहेका अभिभावकहरुलाई जागरुक गर्न र गराउनका लागि महिला स्वास्थ्य स्वयं सेविकाहरुवाट नै अभियान सञ्चालन गर्ने ।<br>संविधानले प्रत्याभूत गरेका कार्यक्रमहरु सञ्चालन गर्ने र अभिलेखिकरण तथा प्रतिवेदन गर्न ।<br>घर दैलो कार्यक्रम मार्फत गर्भवती सुत्केरी वालवालिका जेष्ठ नागरिकहरुको स्वास्थ्यका वारेमा जानकारी लिने र आवश्यक भएमा सेवा प्रवाह गर्ने ।<br>खोप कार्यक्रम गाउँघर क्लिनिक र राष्ट्रिय कार्यक्रमहरुमा नियमित भाग लिने ।<br>महिला स्वास्थ्य स्वयं सेविकाको स्वास्थ्य विमा गराई स्वास्थ्यमा पहरेदारको स्तम्भ खडा हुने र आर्थिक भारमा कमी आउने ।<br>स्वास्थ्य संस्थालाई आवश्यक पर्ने डाटाहरु संकलनमा सहयोग प्रदान गर्ने ।</td></tr>
<tr><td>अपेक्षित प्रतिफल</td><td>आमा समुह तथा अभियानका कार्यक्रम सञ्चालन गर्न सक्ने छन् । महिला स्वास्थ्य विमा गराउने छन् ।</td></tr>
<tr><td>सञ्चालन प्रक्रिया</td><td>स्वास्थ्य शाखाले टिप्पणी उठाई बैक खाता मार्फत सम्वन्धित व्यक्तिलाई वार्षिक उत्प्रेरणा तथा प्रोत्साहन रकम रु ७५०० का दरले प्रति महिला स्वास्थ्य स्वयं सेविकालाई जेष्ठ महिनामा उपलब्ध गरिने छ । स्वास्थ्य विमा कार्यक्रमका लागि रु १७५० का दरले स्वास्थ्य बिमा गराए पश्चात मात्र रकम उपलब्ध हुनेछ भने विमा नगराएमा सो रकम भुक्तानी गर्न वाध्य हुने छैन । यो रकम प्राप्त गर्नका लागि सम्वन्धित महिला स्वास्थ्य स्वयं सेविकाले कम्तिमा ६ महिना महिला स्वास्थ्य स्वयं सेविका भई काम काज गरेमा मात्र भुक्तानी हुनेछ अन्यथा दिन वाध्य हुनेछैन ।
<table>
<tr><td>क्र.स.</td><td>कार्यक्रमको नाम</td><td>विनियोजित रकम</td></tr>
<tr><td>१</td><td>महिला स्वास्थ्य स्वयं सेविका उत्प्रेरणा तथा प्रोत्साहन कार्यक्रमका लागि बजेट रु</td><td>२०४४००।-</td></tr>
<tr><td>२</td><td>महिला स्वास्थ्य स्वयं सेविका स्वास्थ्य विमा कार्यक्रमका लागी</td><td>४९०००।-</td></tr>
</table></td></tr>
<tr><td>बजेट वाँडफाँड</td><td>यस आ.ब. मा रु २५४०००।– रु दुई लाख चौहन्न हजार मात्र रकम विनियोजन गरिएकोछ ।</td></tr>
</table>

| | |
|---|---|
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात सोको अभिलेख र प्रतिवेदन र बिल भरपाई लेखा शाखा बुझाई सोको भुत्तानी हुनेछ । |
| सन्दर्भ सामाग्री | |

**११) कार्यक्रमको नामः डेन्टल सेवा कार्यक्रम संचालन गर्ने कर्मचारीको तलब भत्ता ,पोशाक तथा चार्डपव खर्च समेत**

| | |
|---|---|
| परिचय | नेपाल सरकार उपप्रधानमन्त्री स्तरिय मिति२०७५।११।०८ गते बसेको वैठको निणर्यनुसार बुङ स्वास्थ्य चौकीलाई स्तरोन्ती गरि १५ शैयाको प्राथमिक अस्पतालमा सुचिकृत भएको सोहि ऐन र निर्देशिकाको आधारमा महाकुलुङ गाउँपालिकाले आ.ब.२०८०/०८१ मा अस्पताल सञ्चालन खर्च सम्वन्धी व्यवस्था गरेको हो । महाकुलुङ गाउँपालिकामा सञ्चालित स्वास्थ्य संस्थाहरुमा ल्याब तथा डेन्टल सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि,२०७९ अनुसार कार्यक्रम तथा खर्च व्यवस्थापन हुनेछ । |
| उद्देश्य | स्वास्थ्य सेवामा गुणस्तर सुधार गर्न तथा अस्पतालमा सेवा क्षेत्र विस्तार गर्ने । |
| अपेक्षित प्रतिफल | सेवाको प्रभावकारीतामा बृद्धि हुने । |
| सञ्चालन प्रक्रिया | सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खर्च गर्नु पर्नेछ । महाकुलुङ गाउँपालिकामा सञ्चालित स्वास्थ्य संस्थाहरुमा ल्याब तथा डेन्टल सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७९ अनुसार कार्यक्रम तथा खर्च व्यवस्थापन हुनेछ । |
| बजेट बाँडफाँड | कार्यक्रम संचालनका लागि यस आ.ब. मा रु ४६२०००।– रु चार लाख वैसाठी हजार बिनियोजन गरिएकोछ । |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात सोको अभिलेख र प्रतिबेदन र बिल भरपाई लेखा शाखा बुझाई सोको भुत्तानी हुनेछ । |
| सन्दर्भ सामाग्री | |

| क.स. | कार्यक्रमको नाम | वजेट/विनियोजन |
|---|---|---|
| १ | कार्यक्रम सञ्चालनका लागि लागि जनशक्ति व्यवस्थापन खर्च | ४६२०००।- |
| | जम्मा रु | ४६२०००।- |

**१२) कार्यक्रमको नामः ढुवानी (भ्याक्सिन ,औषधी तथा उपकरणहरु ढुवानी )**

| | |
|---|---|
| परिचय | स्वास्थ्य संस्थाहरुवाट नियमित खोप कार्यक्रम संचालन भई रहेका छन् जसमा कार्यलय सहयोगी मार्फत भ्याक्सिन ढुवानी तथा औषधि ढुवानीलाई नियमित गर्नका लागि यो कार्यक्रममा यस आ.ब. मा वजेट विनियोजन गरिएकोछ । |
| उद्देश्य | स्वास्थ्य सेवामा नियमितता गर्नु नै यो कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।<br>औषधि तथा भ्यासिनको सहज आपुर्ति गर्न सकिने । |
| अपेक्षित प्रतिफल | सेवाको प्रभावकारितामा बृद्धि हुने । |
| सञ्चालन प्रक्रिया | सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खर्च गर्नु पर्नेछ ।<br>नियमानुसारको दरमा समान ढुवानी गराउने। यस वजेट शिर्षकमा छुट्टाएको रकम वा वजेटलाई औषधी सवारी साधन तथा उपकरण ढुवानी तथा प्याकिङसंग सम्वन्धित कार्यमा मात्र खर्च गर्न पाईनेछ । |
| बजेट बाँडफाँड | कार्यक्रम संचालनका लागि यस आ.ब. मा रु २५००००।–रु दुई लाख पचास हजार मात्र बिनियोजन गरिएको छ। |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात सोको अभिलेख र प्रतिबेदन र बिल भरपाई लेखा शाखा बुझाई सोको भुत्तानी हुनेछ । |
| सन्दर्भ सामाग्री | |

**१३) कार्यक्रमको नामः भ्रमण खर्च**

| | |
|---|---|
| परिचय | महाकुलुङ गाउँपालिकामा स्वास्थ्य शाखा अन्तर्गतका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुका लागि आवश्यक काम काममा कार्यलय भन्दा बाहिर कामकाजका लागि पठाउनु पर्ने भएमा सो कार्य सञ्चालनका लागि यो शीर्षकमा वजेट व्यस्थापन गरिएको छ । |
| उद्देश्य | काम काजमा सहजता हुने । |
| अपेक्षित प्रतिफल | सेवाको प्रभावकारीतामा बृद्धि हुने । |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | भ्रमण खर्च नियमावली २०६४ (चौथो संसोधन २०७२) अनुसार खर्च गर्नु पर्नेछ । प्रमुख प्रशासकीय अधिकृतबाट भ्रमण आदेश स्वीकृत गराए पश्चात भ्रमण खर्च भुक्तानी गर्नु पर्नेछ । |
| बजेट बाँडफाँड | कार्यक्रम सञ्चालनका लागि यस आ.ब. मा रु १५०००० ।– रु एक लाख पचास हजार मात्र विनियोजन गरिएकोछ । |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात सोको अभिलेख र प्रतिवेदन र बिल भर्पाई लेखा शाखा बुझाई सोको भुक्तानी हुनेछ । |
| सन्दर्भ सामाग्री | |

**१४) कार्यक्रमको नामः ६८ बर्ष माथिका जेष्ठ नागरिक र क वर्गको अपाङ्गको घरैमा स्वास्थ्य परीक्षण तथा उपचार**

<table>
<tr><td>परिचय</td><td>महाकलुङ गाउँपालिकाको गाउँ सभाबाट पारित नीति तथा कार्यक्रम २०७९ वमोजिम तय गरिएको प्रमुख नीति मध्ये घरैमा आधारित जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि २०७९ स्थापना गरि पालिकामा वसोवास गर्ने जेष्ठ नागरिक जेष्ठ महिला गरिब असहाय सिमान्तकृत वर्ग तथा समुदायको गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुँच र सेवाको उपभोगमा बृद्धि गर्न घरैमा आधारित जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि तयार गरि कार्यनीतिमा उल्लेख भए वमोजिम पालिकाहरुमा वसोवास गर्ने जेष्ठ नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकता र प्राथमिकताको आधारमा यस महाकुलुङ गाउँ पालिकाका दुर्गम तथा स्वास्थ्य सेवाबाट वञ्चित रहेका जेष्ठ नागरिकहरुलाई स्वास्थ्य संस्थाहरुको पहुँचमा ल्याउने नीति अनुरुप आ.ब.२०७९/८० मा महाकुलुङ गाउँपालिकाले यो कार्यक्रम सञ्चालनमा ल्याएको छ ।</td></tr>
<tr><td>उद्देश्य</td><td>नेपालको संविधान २०७२ वमोजिमको धारा ४१ र धारा ३५ तथा राष्ट्रिय स्वास्थ्य नीति २०७६ को रणनीति ६.४.१२ तथा जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा (२४) को उपदफा (५) को मर्म वमोजिम जेष्ठ नागरिक, दिर्घरोगी, दुर्घटना वा अन्य कारणबाट लामो समयसम्म हेरचाह गर्नु पर्ने विरामीहरुलाई सो सेवा निज बसेको घरमा नै उपलब्ध गराउन साथै स्थानीय सरकारलाई जवाफदेही र नियमन गर्न र सबै नागरिकलाई निशुल्क आधारभुत स्वास्थ्य सेवा पाउने जनताको संवैधानिक अधिकार स्थापित गर्ने ।</td></tr>
<tr><td>अपेक्षित प्रतिफल</td><td>सेवाको प्रभावकारीतामा बृद्धि हुने ।</td></tr>
<tr><td>सञ्चालन प्रक्रिया</td><td>घरैमा आधारित जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रम संचालन कार्यविधि, २०७९ अनुसार गरिनेछ ।<br>वडा अध्यक्षवाट हाजीरी प्रमाणित गराई लेखा शाखामा बुझाए पश्चातमात्र तलव भत्ता उपलब्ध गराईनेछ ।<br>विदा सम्वन्धमा भैपरि बिदा वर्षमा १२ दिन क्रिया बिदा १५ दिन महिला कर्मचारिको हकमा सुत्केरी विदा ६० दिन हुने तर सो अबधीमा तलव दिईने छैन । सो अवधि भरका लागि अर्को कर्मचारी राखी काम काज गराईनेछ माथिल्लो निकायवाट विदा स्वीकृत गराई वस्नु पर्नेछ विदा स्वीकृत नगराई विदा वसेमा उक्त विदा बसेको अवधि भरको तलव भत्ता कट्टा गरि भुक्तानी गर्न वाधा हुने छैन।</td></tr>
<tr><td>बजेट बाँडफाँड</td><td>कार्यक्रम संचालनका लागि यस आ.व.०८०/०८१ मा रु ८७५०००।– रु आठ लाख पचहत्तर हजार विनियोजन गरिएकोछ ।
<table>
<tr><th>क्र.स.</th><th>कार्यक्रमको नाम</th><th>विनियोजित बजेट</th></tr>
<tr><td>१</td><td>घरैमा आधारित जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालनका लागि जनशक्ति व्यवस्थापन खर्च रु.</td><td>८५६०००।-</td></tr>
<tr><td>२</td><td>घरैमा आधारित जेष्ठ नागरिक आधारभूत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालनका लागि फर्म तथा छपाई खर्च रु</td><td>१९०००।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८७५,०००।-</td></tr>
</table></td></tr>
<tr><td>अभिलेख तथा प्रतिवेदन</td><td>कार्यक्रम सम्पन्न भए पश्चात सोको अभिलेख र प्रतिवेदन र बिल भरपाई लेखा शाखामा बुझाई सोको भुक्तानी हुनेछ।</td></tr>
<tr><td>सन्दर्भ सामाग्री</td><td>घरैमा आधारित जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि २०७९</td></tr>
</table>

## १५)	कार्यक्रमको नामः औषधी खरिद

| | |
|---|---|
| परिचय | आधारभूत तथा आकस्मिक सेवाको लागि औषधी खरिद गर्ने । |
| उद्देश्य | आधारभूत तथा आकस्मिक सेवाको लागि चाहिने अति आवश्यक निःशुल्क औषधीहरु समयमै खरिद भई उपलब्धता सुनिश्चित गर्ने । |
| अपेक्षित प्रतिफल | आधारभूत तथा आकस्मिक सेवाका लागि चाहिने अति आवश्यक निशुल्क औषधीहरुको समयमै आपुर्ति हुदाँ अभाव नहुने । |
| सञ्चालन प्रक्रिया | सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खर्च गर्नु पर्नेछ ।<br>आधारभूत तथा आकस्मिक सेवाका लागि औषधी खरिद गर्नु पुर्व अनुमान तयार गर्ने ।<br>पालिकामा भएको औषधी स्टोकलाई हेरि सोही बमोजिम हुने म्याद गुज्रने मितिलाई हेरी मौज्दात अधिक नहुने गरि खरिद गर्ने ।<br>जेष्ठ नागरिक तथा दिर्धरोगीको औषधी समेत यसै शिर्षकवाट गरिनेछ ।<br>अनुसुची १ मा उल्लेखित औषधीहरु मात्र खरिद गरिनेछ । |
| बजेट बाँडफाँड | कार्यक्रम संचालनका लागि यस आ.व. मा रु १५०००००।– रु पन्ध्र लाख मात्र विनियोजन गरिएको छ। |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात सोको अभिलेख र प्रतिवेदन र बिल भर्पाई लेखा शाखामा बुझाई सोको भुत्तानी हुनेछ। |
| सन्दर्भ सामाग्री | सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खर्च गर्नु पर्नेछ। |

## १६)	कार्यक्रमको नामः आधारभूत स्वास्थ्य सेवा केन्द्रमा कार्यरत कर्मचारीको तलब भत्ता र पोशाक भत्ता र चाडपर्व समेत

| | |
|---|---|
| परिचय | नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी कार्यविधि अनुसार १ वडा १ स्वास्थ्य संस्था भन्ने अवधारणा अनुसार नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकारको दफा (११) को (झ) आधारभूत स्वास्थ्य र सरसफाईको (३) मा अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन गर्न गाउँपालिकालाई दिएको अधिकार अनुसार आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि सरकार स्तरवाट स्थापना भएका र हुने स्वास्थ्य संस्था विस्तार स्तरवृद्धि स्वास्थ्य संस्था सञ्चालन अनुमतिका लागि स्वास्थ्य र सरसफाई ऐन,२०७५ गाउँ सभावाट स्वीकृत र सोहि ऐन अनुसार स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता तथा अनुमति र नवीकरण सम्बन्धी निर्देशिका २०७६ समेत गाउँ सभावाट पारित भई स्थानीय राजपत्रमा समेत प्रकाशन भएको हुदाँ सोहि ऐन र निर्देशिकाको आधारमा महाकुलुङ गाउँपालिकाले आ.ब.२०८०/०८१ मा करार सेवा शुल्क सम्वन्धी व्यवस्था गरेको हो । |
| उद्देश्य | १) १ वडा १ स्वास्थ्य संस्थाको नेपाल सरकारको नीतिको पुर्ण पालना र व्यवस्थापनका लागि जनशक्ति व्यवस्थापन गर्न । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति व्यवस्थापन हुने र २४ शै घण्टा स्वास्थ्य सेवा आम नागरिकले पाउनेछन् । |
| सञ्चालन प्रक्रिया | सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सेवा करारमा जनशक्ति नियुक्ति गर्ने।<br>सबै करार सेवामा नियुक्ति भएका स्वास्थ्यकर्मीहरुको TOR बनाई कामकाजमा खटाईनेछ ।<br>**आधाभूत स्वास्थ्य सेवा केन्द्र पेल्माङ**<br>१) हेल्थ असिष्टेण्ड(पाचौ तह) / अ.हे.व.चौथो तह - १<br>२) स्टाफ नर्स (पाँचौ तह)/ अ.न.मी.चौथो तह – १<br>३) कार्यलय सहयोगी १ (श्रेणि विहिन ) |

<table>
<tr><td></td><td>आधाभूत स्वास्थ्य सेवा केन्द्र तुमाउ<br>४) हेल्थ असिष्टेण्ड (पाचौ तह) / अ.हे.व. चौथो तह - १<br>५) स्टाफ नर्स (पाँचौ तह)/ अ.न.मी. चौथो तह – १<br>६) कार्यलय सहयोगी १ (श्रेणि विहिन<br>७) स्थानीय तह अन्तर्गत नियुक्त भएका स्वास्थ्यकर्मीहरुलाई आवश्यकताको आधारमा जुनसुकै संस्थामा खटाउन सकिनेछ र जसका लागि कुनै वाधा पर्ने छैन ।<br>८) अस्पताल तथा २४ शै घण्टा प्रसुती सेवा उपलब्ध हुने र गराउने स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई (स्थायी र करार) सिफ्ट रोटेसनको व्यवस्था गरिएको आधारमा सेवा दिनु पर्नेछ ।<br>९) प्रचलित कानून अनुसार ६ महिनाभन्दा वढि कार्यरत रहेका स्वास्थ्य सेवाका कर्मचारीहरुलाई पोशाक भत्ता समेत उपलब्ध गराईनेछ ।<br>१०) विदाको हकमा क्रिया विदा १५ दिन, भैपरि विदा १२ दिन, सुत्केरी विदा ६० दिन र अस्पतालको हकमा अतिरिक्त विदा दिन सकिनेछ भने अन्य विदा दिन वाधा पर्ने छैन ।<br>११) कार्यालय प्रमुखवाट वा व्यवस्थापन समितिवाट वढीमा ३ दिनको विदा स्वीकृत गरी बस्न सकिने र सो भन्दा वढिको विदा बस्न परेमा माथिल्लो निकायवाट विदा स्वीकृत गराई वस्नु पर्नेछ विदा स्वीकृत नगराई विदा वसेमा उक्त विदा बसेको अवधि भरको तलव भत्ता कट्टा गरी भुक्तानी गर्न वाधा हुने छैन।</td></tr>
<tr><td>बजेट वाँडफाँड</td><td>कर्यक्रम संचालनका लागि यस आ.ब. मा रु २३०९००० ।– रु तेहिस लाख नौ हजार बिनियोजन गरिएको छ ।<br>निम्न अनुसार बजेट बाँडफाँड गरिएको छ ।
<table>
<tr><td>क्र.स.</td><td>पद तथा बिवरण</td><td>महिना</td><td>थप सेवा</td><td>संख्या</td><td>तलब स्केल</td><td>जम्मा</td><td></td></tr>
<tr><td>१</td><td>अहेव चौथो तह</td><td>१२</td><td>१</td><td>२</td><td>३२९०२।</td><td>८५५४५२।</td><td></td></tr>
<tr><td>२</td><td>अनमी चौथो तह</td><td>१२</td><td>१</td><td>२</td><td>३२९०२।</td><td>८५५४५२।</td><td></td></tr>
<tr><td>४</td><td>श्रेणि विहिन</td><td>१२</td><td>१</td><td>२</td><td>२०७००।</td><td>५३८२००।</td><td></td></tr>
<tr><td colspan="5">जम्मा</td><td></td><td>२२४९१०४।००</td><td></td></tr>
<tr><td>१</td><td>पोशाक</td><td></td><td></td><td>६</td><td>१००००।</td><td>६००००।००</td><td></td></tr>
<tr><td colspan="6">जम्मा</td><td>२३०९१०४।००</td><td></td></tr>
</table></td></tr>
<tr><td>अभिलेख तथा प्रतिवेदन</td><td>कार्यक्रम सम्पन्न भए पश्चात सोको अभिलेख र प्रतिबेदन र बिल भर्पाइ लेखा शाखामा बुझाई सोको भुत्तानी हुनेछ ।</td></tr>
<tr><td>सन्दर्भ सामाग्री</td><td></td></tr>
</table>

**१७) कार्यक्रमको नामः सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत कर्मचारीहरुको तलब भत्ता पोशाक र चाडपर्व नयाँ स्थापना हुने संस्थाको हकमा व्यवस्थापन तथा प्रशासन खर्च समेत**

| | |
|---|---|
| परिचय | नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकारको दफा (११) को (झ) आधारभूत स्वास्थ्य र सरसफाईको (३) मा अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन गर्न गाउँपालिकालाई दिएको अधिकार अनुसार आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि सरकार स्तरवाट स्थापना भएका र हुने स्वास्थ्य संस्था विस्तार स्तरवृद्धि स्वास्थ्य संस्था सञ्चालन अनुमतिका लागि स्वास्थ्य र सरसफाई ऐन,२०७५ गाउँ सभावाट स्वीकृत र सोही ऐन अनुसार **स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता तथा अनुमति र नविकरण सम्बन्धी निर्देशिका २०७६, सामुदायिक स्वास्थ्य इकाई स्थापना संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यबिधि २०७९** समेत गाउँ सभावाट पारित भई स्थानीय राजपत्रमा समेत प्रकाशन भएको हुदाँ सोही ऐन र निर्देशिकाको आधारमा महाकुलुङ गाउँपालिकाले आ.ब.२०८०/०८१ मा करार सेवा शुल्क सम्वन्धी व्यवस्था गरेको हो । |
| उद्देश्य | नेपाल सरकारको नीतिको पुर्ण पालना र व्यवस्थापनका लागि जनशक्ति व्यवस्थापन गर्न । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति व्यवस्थापन हुने र २४ शै घण्टा स्वास्थ्य सेवा आम नागरिकले पाउनेछन् |
| सञ्चालन प्रक्रिया | सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सेवा करारमा जनशक्ति नियुक्ति गर्ने।<br>सबै करार सेवामा नियुक्ति भएका स्वास्थ्यकर्मीहरुको TOR बनाई कामकाजमा खटाईनेछ ।<br>**सामुदायिक स्वास्थ्य इकाई ममिर्कु**<br>१) हेल्थ असिष्टेण्ड (पाचौ तह) / अ.हे.व. चौथो तह/ स्टाफ नर्स (पाँचौ तह)/ अ.न.मी. चौथो तह – १<br>**सामुदायिक स्वास्थ्य इकाई खिरौले**<br>२) हेल्थ असिष्टेण्ड(पाचौ तह) / अ.हे.व. चौथो तह - १<br>३) स्टाफ नर्स (पाँचौ तह)/ अ.न.मी. चौथो तह – १<br>**सामुदायिक स्वास्थ्य इकाई निमचोला**<br>४) हेल्थ असिष्टेण्ड(पाचौ तह) / अ.हे.व. चौथो तह/ स्टाफ नर्स (पाँचौ तह)/ अ.न.मी. चौथो तह – १<br>**सामुदायिक स्वास्थ्य इकाई साद्दि**<br>५) हेल्थ असिष्टेण्ड(पाचौ तह) / अ.हे.व. चौथो तह/ स्टाफ नर्स (पाँचौ तह)/ अ.न.मी. चौथो तह – १<br>**सामुदायिक स्वास्थ्य इकाई ,बृद्धआश्रम**<br>६) हेल्थ असिष्टेण्ड(पाचौ तह) / अ.हे.व. चौथो तह/ स्टाफ नर्स (पाँचौ तह)/ अ.न.मी. चौथो तह – १<br>७) स्थानीय तह अन्तर्गत नियुक्त्ति भएका स्वास्थ्यकर्मीहरुलाई आवश्यकताको आधारमा जुनसुकै संस्थामा खटाउन सकिनेछ र जसका लागि कुनै वाधा पर्ने छैन ।<br>८) प्रचलित कानून अनुसार ६ महिनाभन्दा वढि कार्यरत रहेका स्वास्थ्य सेवाका कर्मचारीहरुलाई पोशाक भत्ता समेत उपलब्ध गराईनेछ ।<br>९) विदाको हकमा क्रिया विदा १५ दिन, भैपरि विदा १२ दिन, सुत्केरी विदा ६० दिन र अस्पतालको हकमा अतिरिक्त्त विदा दिन सकिनेछ भने अन्य विदा दिन वाधा पर्ने छैन ।<br>१०) कार्यालय प्रमुखवाट वा व्यवस्थापन समितिवाट वढीमा ३ दिनको विदा स्वीकृत गरि बस्न सकिने र सो भन्दा वढिको विदा बस्न परेमा माथिल्लो निकायवाट विदा स्वीकृत गराई वस्नु पर्नेछ विदा स्वीकृत नगराई विदा वसेमा उक्त विदा बसेको अवधि भरको तलव भत्ता कट्टा गरि भुक्तानी गर्न वाधा हुने छैन।<br>कर्मचारीको तलबका लागि आवश्यक छुटाएको रकम पछि सामुदायिक स्वास्थ्य इकाईको लागि आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापनका लागि रु ९८३५० छुटाएको छ जसले तपसिलका सामाग्रीहरुको खरिद गरी सो इकाइको व्यवस्थापन स्वास्थ्य शाखाले गर्नु पर्नेछ । |
| बजेट वाँ<br><br>डफाँड | कार्यक्रम संचालनका लागि यस आ.व. ०८०/०८१मा रु २६२६००० ।– रु छब्विस लाख छब्विस हजार बिनियोजन गरिएकोछ । निम्न अनुसार बजेट बाँडफाँड गरिएको छ । |

| | |
|---|---|
| | <table><tr><td>क्र.स.</td><td>पद तथा बिवरण</td><td>महिना</td><td>थप सेवा</td><td>संख्या</td><td>तलब स्केल</td><td>जम्मा</td><td></td></tr><tr><td>१</td><td>अहेव चौथो तह</td><td>१२</td><td>१</td><td>५</td><td>३२९०२।</td><td>२०३९९२४।</td><td></td></tr><tr><td>२</td><td>अनमी चौथो तह</td><td>१२</td><td>१</td><td>१</td><td>३२९०२।</td><td>४२७७२६।</td><td></td></tr><tr><td colspan="5">जम्मा</td><td></td><td>२४६७६५०।००</td><td></td></tr><tr><td>१</td><td>पोशाक</td><td></td><td></td><td>६</td><td>१००००</td><td>६००००।००</td><td></td></tr><tr><td>२</td><td>व्यवस्थापन खर्च</td><td colspan="2">साद्दिमा</td><td>१</td><td></td><td>९८३५०।००</td><td></td></tr><tr><td colspan="6">जम्मा</td><td>२६२६०००।००</td><td></td></tr></table><br>तपसिलका सामाग्रीहरु<br>१) वाटा २० लिटरको १ थान , वाल्टी धारा सहितको २० लिटरको १ थान, प्लास्टिकको कुर्सि ५ थान, डस्ट प्याड १ थान, वाल्टी साधा २० लिटरको १ थान, पानी खाने जग १ थान, मग १ थान, फोहर राख्ने भाडो ( 4 color Dustbin ) १ सेट।<br>२) खरेटो १ थान, टर्च लाईट १ थान, ईमेरजेन्सी लाईट १ थान, OPD Bed १ थान, औषधि राख्ने ऱ्याक १ थान, Bed Sheet २ थान ,pillow with cover २ थान, IV stand १ थान , Autoclave Machine १ थान, Dressing Drum २ थान, Foot step १ थान, filter Steel १ थान, Dressing Set २ सेट, Patient Bed- १ थान, Oxygen concentrator – १ थान nebulizer Machine – १ थान, Needle Cutter – १ थान, ENT set- १ थान, knee hummer – १ थान, Tunic Fork – १ थान, Adult Weight Machin - १ थान, child Weight Machin – १ थान, Hight Bord -१ थान<br>३) Register No 2 / 3 – ५ थान, हाजिरी रजिष्टर- १ थान, डट पेन कालो/रातो -२० पिस, पेन्सिल -२ पिस, हर्पिक- १ पिस, साबुन -१० पिस, लुगाधुने -१२ पिस, कार्वन -१ रिम, रेकड फायल विभिन्न खाले -१० पिस, लेटर प्याड -२ ठेली, दाखिला प्रतिवेदन -१ ठेली, माग फाराम - २ ठेली, हाजिरी उत्तार फारम -१ ठेली, भ्रमण आदेश -१ ठेली, एफो पेपर -१ रिम पञ्चीङ मसिन १ थान स्टेप्लर मेसिन र पिन १/५ थान, स्केल १ थान, समायोजन फारम २ ठेली , कैंची १ थान, संस्थाको छाप र वोर्ड १/ १ थान |
| अभिलेख तथा प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात सोको अभिलेख र प्रतिबेदन र बिल भर्पाइ लेखा शाखामा बुझाई सोको भुक्तानी हुनेछ । |
| सन्दर्भ सामाग्री | **सामुदायिक स्वास्थ्य इकाई स्थापना संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यबिधि २०७९** |

अनुसूची १

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,बुङ सोलुखुम्बु ।
कोशि प्रदेश, बिराटनगर ।
वडा नागरिक

| आधारभूत स्वास्थ्य सेवा अन्तर्गतका औषधीहरु | | | | उपलब्ध हुनु पर्ने स्वास्थ्य सस्था | | खरिद तथा बितरणका लागी जिम्मेवार निकाय | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | औषधीको नाम | औषधीको वनावट | परिमाण /मात्रा | आधारभुत स्वास्थ्य सेवा केन्द्र/ स्वास्थ्य चौकी | आधारभूत अस्पताल /प्राथमिक स्वास्थ्य सेवा केन्द्र | स्थानिय सरकार | प्रदेश सरकार | सङघिय सरकार |
| १ | Acetylsalicylic Acid (Aspirin) | Tablet | 75 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | Adrenaline (Epinephrine) | Injection | (1:1000) | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ३ | Albendazole | chewable | 400 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | Suspension | 200 mg /5 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ४ | Aluminum Hydroxide + Magnesium Hydroxide (Antacid) | Tablet | 250mg+250 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ५ | Amitriptyline | Tablet | 10 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| | | | 25 mg | | | | √ | |
| ६ | Amlodipine | Tablet | 5 mg | | | | √ | |
| ७ | Amoxycillin | Dispersible Tablets | 125 mg /250 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | Oral Tablet/ Capsule | 250 mg /500 mg | | | √ | | |
| | | Powder For Oral Suspension | 125 mg /5 ml | | | √ | | |
| ८ | Ampicillin | Powder For IV/IM Injection | 250 mg /500 mg Vial | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ९ | Artemether+Lumefatrine (AL) (Artemisinin-Based combination Therapy-ACT) | Tablet | 20 mg+ 120 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| १० | Artesunate | Injection | 60 mg Ampoule | | | | | √ |
| ११ | Atropine | Injection | 0.6mg in 1ml ampoules | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| १२ | Azithromycin | Tablet | 250mg /500 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| १३ | BCG | Injection | 0.05 ml/dose | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| १४ | Benzathine Benzylpenicillin | Powder for injection | 1,2,00,000IU | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| १५ | Calamine | Lotion | 15%W/V,30 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| १६ | Calcium Gluconate | Injection | 1gm per 10 ml (100 mg/ml of 10 ml ) | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| १७ | Carbamazepine | Tablet | 100 mg | | | | √ | |
| | | | 200 mg | | | | √ | |
| | | oral Liquid | 100 mg/5ml | | | | √ | |
| १८ | Cefixime | Tablet | 200 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| १९ | Ceftriaxone | Powder for injection | 250 mg /vial | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| | | | 500mg /vial | | | | √ | |
| | | | 1gm /vial | | | | √ | |
| २० | Cetirizine HCL | Tablet | 10 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | Syrup | 5mg/5ml | | | √ | | |
| २१ | Charcoal, activated | powder in sachet | 10 gm | | | √ | | |
| २२ | Chlorhexidine (CHX) | solution | solution,0.2% Oral 50 ml | | | √ | | |
| | | Ointment | 4%, 5 gm | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २३ | Chloquin (CQ) | Tablet | 150 mg | उपलब्ध हुन्छ | **उपलब्ध हुन्छ** | | | √ |
| २४ | Ciprofloxacin | Tablet | 250 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | | 500 mg | | | √ | | |
| | | Eye/ Ear drop | 0.3% W/V,5 ml | | | √ | | |
| | | Eye Ointment | 0.3% ,5 gm | | | √ | | |
| | | Injection | 200 mg /100 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| २५ | Clotrimazole | skin Cream | 1%,25 gm | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | Vaginal tablet | 100 mg | | | √ | | |
| | | Mouth Paint | 1%,w/v ,15 ml | | | √ | | |
| २६ | Clove Oil | Liquid | 5 Ml | | | √ | | |
| २७ | Cloxacillin | capsule | 250 mg | | | √ | | |
| | | | 500 mg | | | √ | | |
| | | Powder For Oral Suspension | 125mg/5 Ml | | | √ | | |
| २८ | Combined Oral Contraceptive (COC) | Tablet | 30 pills ,21 pills, Containing 150 mcg Levonorgestrel and 7 pills containing Iron | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| २९ | Cotrimoxazole (sulphathiazole And Trimethoxazole 5:1) | Tablet | 400mg+ 60 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | | 800 mg +160 mg | | | √ | | |
| | | Syrup | 200mg+40 mg /5 ml ,50 ml | | | √ | | |
| ३० | Dapsone, clofazimine, Rifampicin (MDT combi Pack) | Tablet | MB Adult Blister Pack, MB Child Blister Pack (A/C to DOTS Program) | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| ३१ | Dexamethasone | Injection | 4mg in 1 ml ampoule | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ३२ | Dextrose (Glucose) | injection /solution | 5%,500 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| | | | 25% of 50 ml AMP | Birthing Centre Only | उपलब्ध हुन्छ | | √ | |
| ३३ | Diazepam | Injection | 2ml /AMP (5 mg /ml) | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| | | Tablet | 5 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ३४ | Diclofenac Sodium | Tablet | 50 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | Injection | 3 ml ampoule (25mg/ml) | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ३५ | Doxycycline | capsule | 100 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ३६ | Ferrous Sulphate and Folic acid | Tablet | 60 mg Elemental iron plus 400mcg Folic acid | **Birthing Centre Only** | उपलब्ध हुन्छ | √ | | |
| ३७ | FIPV Vaccine | Injection | 0.1 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| ३८ | Fluconazole | capsule | 150 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ३९ | Fluoxetine | capsule | 20 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४० | Folic Acid | Tablet | 5 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ४१ | Furosemide | Tablet | 40 mg | | | √ | | |
| ४२ | Gentamycin | Injection | 40 mg / ml in 2 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ४३ | Gentian Violet | Aqueous Solution | 1%,10 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ४४ | Glimepiride | Tablet | 1mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| | | | 2 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ४५ | HPV Vaccine | Injection | 0.5 ml/Dose | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| ४६ | HRZE | Tablet | Combination Medicine H-INH, R- Rifampicin, Z-Pyrazinamide, E-Ethambutol A/C To DOTS Program | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| ४७ | Hydrocortisone | Powder For Injection | 100 mg / vial | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ४८ | Hyoscine Butyl bromide | Injection | 20 mg / ml | | | | √ | |
| | | Tablet | 10 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ४९ | Ibuprofen | Tablet | 200 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | | 400 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | Syrup | 100 mg / 5ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ५० | Japanese Encephalitis | Injection | 0.5ml/Dose | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| ५१ | Levonorgestrel (LNG) | Implant | Implant 2 Rods 75 mg Each Tab 0.75mg (2 Tablet Pack) | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| ५२ | Lignocaine Hydrochloride | Injection | 2% in Vial,30 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ५३ | Lignocaine Hydrochloride with Adrenaline 1:1000 | injection | 2% plus Adrenaline 1:1000,30 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ५४ | Losartan | Tablet | 25 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| | | | 50 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ५५ | Magnesium Sulphate | Injection | 500 mg/ml in 2 ml ampoule | Birthing Centre Only | उपलब्ध हुन्छ | | √ | |
| ५६ | Measles - Rubella Vaccine | Injection | 0.5 ml /Dose | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| ५७ | Medroxyprogesterone (Acetate DMPA) | Injection | 150 mg/ml in 1 ml vial | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| ५८ | Metformin | Tablet | 500mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| | | | 1000 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ५९ | Methyldopa | Tablet | 250 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ६० | Metoclopramide | Tablet | 10 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | solution | 5mg/5ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | Injection | 5 mg/ml in 2 ml Ampoule | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ६१ | Metronidazole | Tablet | 200 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | | 400 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | oral Liquid | 200mg/5ml,90ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | Injection | 500 mg /100 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ६२ | Mifepristone Misoprostol | Tablet | Combi Pack Includes 200mg+4 mg(200mcg) | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ६३ | Misoprostol | Tablet | 200mcg | Birthing Centre Only | उपलब्ध हुन्छ | | √ | |
| ६४ | Neomycin skin | Ointment | 2%w/w 10 gm | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ६५ | Nifedipine | Tablet | 10 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ६६ | Nitrofurantoin | Tablet | 100 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ६७ | Normal Saline (NS) | solution | 0.9% Infusion solution ,500ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ६८ | OPV (Oral Polio Vaccine) | Oral | 2 Drop/Dose | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ६९ | Oral Rehydration Salts (ORS) | Powder | WHO Formula Sachet/Liters | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ७० | Oxygen | Inhalation | Medicinal Gas | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ७१ | Oxymetazoline | Nasal Drop | 0.025%,10 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | | 0.05%,10 ml | Birthing Centre Only | उपलब्ध हुन्छ | √ | | |
| ७२ | Oxytocin | Injection | 10IU/ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ७३ | Paracetamol | Tablet | 500mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | Syrup | 125mg/5 M l /50 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | Injection | 150 mg /ml in 2 ml ampoule | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ७४ | PCV Vaccine (Pneumococcal Conjugate Vaccine) | Injection | 0.5ml/Dose | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| ७५ | Pentavalent Vaccine (DPT, Hep B and Hemophilus influenza B) | Injection | 0.5ml/Dose | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| ७६ | Permethrin | Lotion | 1%,100ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | Cream | 5%, w/v30g | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ७७ | Pheniramine | Injection | 22.75mg/ml,2 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ७८ | Phenobarbital | Tablet | 30 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| | | Injection | 100mg/ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ७९ | Povidone Iodine | solution | 5%w/v,500ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ८० | Pralidoxime Sodium | Injection | 500 mg /2 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८१ | Prednisolone | Tablet | 5 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| | | | 10 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| | | | 20 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ८२ | Primaquine | Tablet | 7.5 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ८३ | Pyridoxine | Tablet | 10 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ८४ | Ranitidine | Tablet | 150mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | Injection | 25mg/ml in 2ml ampoule | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ८५ | Ringer's Lactate | Injection | 500ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ८६ | Risperidone | Tablet | 1mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| | | | 2 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ८७ | Rotavirus Vaccine | Oral | 1.5 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| ८८ | Salbutamol | solution for Nebulization | 1mg /ml,15ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | oral Liquid | 2mg/5 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | MDI | 100mcg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ८९ | Silver sulfadiazine | Cream | 0.2%w/v,15 g | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ९० | Tetanus Diphtheria (TD) Booster Vaccine | Injection | o.5ml/dose | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| ९१ | Tetanus Toxoid (TT) | Injection | 0.5ml/Dose | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| ९२ | Tetracycline | Eye Ointment | 1%,5g | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ९३ | Tinidazole | Tablet | 500 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ९४ | Sodium Valporate | Tablet | 200 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | √ | |
| ९५ | Vitamin A | capsule | 200,000IU | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| | | | 50000IU | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | | | √ |
| ९६ | Vitamin B Complex | Tablet | Thiamine 10 mg , Riboflavin 10mg Pyridoxin 3 mg , Cyanocobalamin 15mcg, (Therapeutic Dose ) | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ९७ | Vitamin K1 | Injection | 1 mg/0.5 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ९८ | Zinc Sulphate | Tablet | 10 mg | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| | | | 20 mg | (IMNCI) | | √ | | |
| | औषधीजन्य सामाग्री / उपकरणको सुची | | | | | | | |
| १४७ | सामाग्रीको नाम | ईकाइ | तौल र आयतन | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| १ | Absorbent Cotton | Roll | Net 400 g | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | Adhesive Tape | Roll | 4" | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ३ | Bandage | Than | 18m*90cm | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ४ | Catgut | Pkt | Catgut 2.0 | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ५ | Chlorine Powder | Pkt | 200g/sachet | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ६ | Condom | Pkt | | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ७ | Disposable Syringes | PCS | 3 ml ,5 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ८ | Gauze | Than | 18m*90cm | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ९ | I and set | Pkt | | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| १० | Iv cannula | PCS | 18g/20g/24gaz | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| ११ | Iv set | PCS | Different size | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| १२ | Phenol | Bottles | 500 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| १३ | Rectified Spirit | Bottles | 500 ml | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| १४ | Rubber Catheter | PCS | Different size | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| १५ | Silk | Pkt | silk 2.0 | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| १६ | Surgical Blade | PCS | Different size | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| १७ | Surgical Gloves (Disposable) | Pair | 6.5/7 size | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |
| १८ | Suture Set | Pkt | | उपलब्ध हुन्छ | उपलब्ध हुन्छ | √ | | |

कार्यपालिकावाट स्वीकृत मिति २०८०।०३।१० गते

तयार गर्ने

हरि प्रसाद आचार्य
स्वास्थ्य प्रमुख

प्रमाणित गर्ने

पदम बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत